**अजिरकोट गाउँपालिका**

**गाउँ कार्यपालिका**

**गोरखा**

**बैठक नं. १४४**

मिति २०८२।११।२९ गते शुक्रबार

आज मिति २०८२ साल फागुन २९ गते शुक्रबारको दिन अजिरकोट गाउँपालिका गोरखाका अध्यक्ष श्री दीपक देवकोटाज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारी ज्यूहरूको समउपस्थितिमा गाउँ कार्यपालिकाको १४४ औं बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

१. गाउँपालिका अध्यक्ष श्री दीपक देवकोटा

२. गाउँपालिका उपाध्यक्ष श्री अनिता भुजेल

३. १ नं. वडा अध्यक्ष श्री मनोज गुरुङ

४. २ नं. वडा अध्यक्ष श्री कृष्ण बहादुर गुरुङ

५. ३ नं. वडा अध्यक्ष श्री बाबुराम अधिकारी

६. ४ नं. वडा अध्यक्ष श्री जङ्ग बहादुरगुरुङ

७. ५ नं. वडा अध्यक्ष श्री बिर्ख ध्वज गुरुङ

८. कार्यपालिका सदस्य श्री सदिक्षा गुरुङ

९. कार्यपालिका सदस्य श्री विन्दा तामाङ

१०. कार्यपालिका सदस्य श्री उमा गुरुङ

११. कार्यपालिका सदस्य श्री कमला सुनार

१२. कार्यपालिका सदस्य श्री सनिल परियार

१३. कार्यपालिका सदस्य श्री धनराज घले

१४. आमन्त्रित सदस्य: श्री बेल बहादुर परियार

१५. प्रमुख प्रशासकीय अधिकृत श्री ज्ञानुराम पन्थी

**व्यवस्थापन सहयोगी**

श्री लाल प्रसाद पौडेल (प्रशासकीय अधिकृत)

श्री जगजित थापर (प्रशासन सहायक)

श्री ईश्वर बागले (वरिष्ठ लेखा सहायक)

अजिरकोट गाउँपालिका
मिति २०८२।११।२९ गते शुक्रबार

## गाउँ कार्यपालिकाको १४४ औं बैठकका प्रस्तावहरु

प्रस्ताव नं. १ - कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा गर्ने ।

१. पृष्ठभूमी

अजिरकोट गाउँ कार्यपालिकाको २०८२ माघ २७ गते १४३ औं बैठकमार्फत विभिन्न निर्णयहरु भई कार्यान्वयनको अवस्थामा रहेका ।

२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य

अजिरकोट गााउँकार्यपालिकाका बैठकका निर्णयहरु समिक्षा गर्दै सार्थक तथा गुणस्तरिय कार्यान्वयन तथा सो को पृष्ठपोषणको लागि समिक्षा गर्नुपर्ने भएको ।

३. निणर्यका आधार र कानूनी व्यवस्था

स्थानिय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम स्थानीय तहले आफ्ना निर्णयहरु तथा विकास निर्माण कार्यको कार्यान्वयनको समिक्षा गर्नुपर्ने प्रावधान रहेको ।

४. निर्णय हुनुपर्ने व्यहोरा

अजिरकोट गाउँ कार्यपालिकाको १४३ औं बैठकमार्फत भएका तपसिलका निर्णयहरु कार्यान्वयनको अवस्थाको समिक्षा गरियो ।

| क्र.म | निर्णय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | अध्ययन विदा स्वीकृत गर्ने । | स्वीकृत भएको । | |
| २ | प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) स्वीकृत गर्ने। | स्वीकृत भएको । | |
| ३ | लेखा अधिकृतको राजिनामा स्वीकृत गर्ने । | स्वीकृत भएको। | |
| ४ | स्थानीय मदिरा उत्पादन, ब्राण्डिङ तथा विक्री वितरण सम्बन्धी कार्यविधि २०८२ स्वीकृत गर्ने । | स्वीकृत भएको। | |
| ५ | समपुरक र विशेष अनुदानको लागि आयोजना प्रस्ताव गर्ने । | आयोजना प्रस्ताव गरिएको । | |

प्रस्ताव नं. २ - अजिरकोट गाउँपालिकाको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने सम्बन्धमा ।

१.पृष्ठभूमी

अजिरकोट गाउँपालिकाको सगठन सरचना तथा दरवन्दी सम्वन्धी विवरण गाउं कार्यपालिकाबाट स्वीकृत गरी सोको प्रमाणित निर्णय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रदेश किताबखाना तथा संरचना समन्वय शाखा) गण्डकी प्रदेश, पोखरामा पेश गर्नुपर्ने ।

२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश, पोखराको मिति २०८२।०८।१९ को सूचना तथा सोही मितिमा सगठन सरचना तथा पद दर्ता सम्वन्धी सूचना प्रकाशन भएकोले कार्यरत स्थायी कर्मचारीहरुको सिटरोल दर्ता गर्नु भन्दा अगाडी सगठन सरचना तथा दरबन्दी स्वीकृत सम्वन्धी विवरण पेश गर्नुपर्ने भएको ।

३.निणर्यका आधार र कानूनी व्यवस्था

स्थानीय सेवा (गठन तथा सचालन) नियमावली,२०८० को नियम ९ बमोजिम स्थानीय तहको सगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत सरचना र दरवन्दी बमोजिम पदको सेवा, समूह वा उपसमूह एव तह समेत खुल्ने गरी पद दर्ताको लागि प्रदेश किताबखाना पठाउनपर्ने प्रावधान रहेको ।

४. निर्णय हुनुपर्ने व्यहोरा

यस अजिरकोट गाउंपालिका, गाउं कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुको विभिन्न सेवा, समूह र तहका कर्मचारीहरुको सगठन सरचना तथा दरबन्दी सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरी पठाएको सगठन सरचना तथा दरबन्दीलाई नै यथावत कायम गरी स्वीकृत गर्ने ।

प्रस्ताव नं. ३ कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

१. पृष्ठभूमी

यस गाउँपालिका क्षेत्रभित्र विपन्न घरपरिवारका लागि स्वास्थ्य बिमा सहुलियत उपलब्ध गराउन आवश्यक रहेको ।

२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य

स्थानीय तहले निर्माण गर्ने कुनै पनि नियमावली, कार्यविधि तथा निर्देशिका लाई स्वीकृतीको लागि गाउँ कार्यपालिकामा पेश गर्नु पर्ने प्रावधान रहेको ।

३. निणर्यका आधार र कानूनी व्यवस्था

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहले आफुलाई आवश्यक पर्ने कानून आफै निर्माण गर्न सक्ने प्रावधान भएको ।

४. निर्णय हुनुपर्ने व्यहोरा

यस अजिरकोट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक द्वारा तपशिल बमोजिमका कार्यविधि स्वीकृत गर्ने ।

क) विपन्न घरपरिवारका लागि स्वास्थ्य बिमा सहुलियत कार्यविधि -.२०८२

प्रस्ताव न ४ **विविध**

- आ.व. २०८२ ०८३ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार यस गाउँपालिकाका वडा न. ३ स्थित रहेको Maintenance and Management of Bhachchek Hospital Premises आयोजना सम्पन्न भई भुक्तानीको लागि आवश्यक कागजात पेश भएको हुँदा उक्त आयोजनाको अन्तिम किस्ता रकम फरफारक गरि भुक्तानी दिने निर्णय गरियो ।
- गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भन्दा बाहिर गएर कर असुली नभएको ।
- यस अजिरकोट गाउँपालिका वडा न ४ सिम्जुङ निवासी श्री नर बहादुर गरुङले मिति २०८२ साल पुस ३० गते राती गोठमा सुतिरहेको अवस्थामा अचानक आगोले पोलेर घाइते भई हाल किर्तिपुर अस्पताल, काठमाडौंमा उपचाररत रहेको हुँदा उपचार गर्न आर्थिक सहयोगको लागि निवेदन पेश गरेकोले निज नर बहादुर गुरुङलाई रु ३०,०००। (अक्षरुपी रु तीस हजार मात्र) उपलब्ध गराउन निर्णय गरियो ।

निर्णय: माथि उल्लेखित प्रस्तावहरु सम्बन्धमा छलफल गरी प्रस्तावित निर्णयका व्यहोराहरुलाई सर्वसम्मत रुपमा पारित गरियो ।